# मालारानी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची ।

**बोलपत्र आह्वान को सुचना**

**ठेक्का नं. 5,6, nd 7- Con/SUP - MRM- 2076/077**

प्रथम पटक प्रकाशित मिति २०७६/०७/०४

मालारानी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय खनदह अर्घाखाँची अन्तर्गत तपसिलमा उल्लेखित योजनाहरु बोलपत्र तथा सिलबन्धि दरभाउपत्रको माध्यमद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवशायी तथा खरिद र सप्लायर्सहरुबाट निम्न सर्तहरुको अधिनमा रही रीतपूर्वकको बोलपत्र आह्वान गरिन्छ ।

सर्तहरु

१. बोलपत्र सम्बन्धी कागजात तालिकामा उल्लेखित मिति आ.व.२०७६/०७७ सम्म मान्य भएको फर्म, संस्था दर्ताको प्रमाण पत्र, र मू.अ.करमा दर्ता भएको प्रमाणपत्र तथा आ.व.२०७५/०७६ सम्मको कर चुक्ता प्रमाणपत्र वा म्याद थप पत्रको प्रतिलिपिहरु संलग्न राखी इच्छुक बोलपत्रदाताले लिखित निवेदन दिई रु.३०००। तिन हजार( फिर्ता नहुने गरी) को नगदी रसिद संलग्न राखी कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. खरिद भएको बोलपत्र फारामहरुमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरु प्रष्टसँग लेखि तालिकामा उल्लेखित मिति र समयसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका बोलपत्रहरु उपस्थित बोलपत्रदाता एवं कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा तल उल्लेखित तालिकाको मिति र समयमा खोलिनेछ ।

३. बोलपत्र फाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको खनदह स्थित **मेघा.वैकधरौटी खाता नं. ००४००१००८२२४३** मा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको (क) बर्गको बाणिज्य बैंकको विडवण्ड बोलपत्र दाखिलाको अन्तिम मितिले १२० दिन सम्म **म्याद भएको बैंक ग्यारेन्टी (बिडबण्ड)**को सक्कल प्रति पेश गर्नुपर्नेछ ।

४ बोलपत्र शर्त रहित केरमेट नभएको हुनुपर्ने छ केरमेट भएमा केरमेट भएको ठाउमा बोलपत्र दाताको छाप र दस्तखत हुनुपर्ने छ । साथै बोलपत्रको सवै पाना हेरी भर्नुपर्ने विवरण भरी बोलपत्रदाताले सही र छाप लगाएको हुनुपर्ने छ । वि ओ क्यु मा स्पष्ट रुपमा दररेट अंक र अक्षरमा लेखेको जोडजम्मा गरेको हुनुपर्ने छ ।

५. बोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ ।

६. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ ।

७. अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र ९८५१०७८०२५, ९८५७०६६५०७, ९८५७०२३६२९ मा सम्पर्क गर्न वा **malarani ruralmun@gmail.com**मा पठाउन सकिनेछ ।

८. बोलपत्र स्विकृत गर्ने, अस्विकृत गर्ने वा आंशिक रुपमा स्विकृत गर्ने अधिकार कार्यालयमा निहित रहने छ ।

९. कामको विवरण बोलपत्र खरिद दस्तुर, विडवण्ड रकम, मान्य अवधि, खरिद र दाखिला गर्ने अन्तिम मितिको विवरण निम्नअनुसार छ ।

| ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र दस्तुर रु. | विडबण्ड वा धरौटी रकम रु. | इस्टिमेट अंक भ्याट सहित | विडबण्ड मान्यअवधि | खरिद गर्ने अन्तिम मिति र समय | दाखिला गर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| **5 - CON - MRM- 2076/077** | वडा कार्यालय भबन निर्माण कार्य २ नं. वडा | ३०००।०० | १०००००।०० | ४००००००। | १२०दिन | २०७६/०८/०३ | २०७६/०८/०४ दिनको १२ बजे | २०७६/०८/०४ दिनको ०१ बजे |
| **6 - CON - MRM- 2076/077** | वडा कार्यालय भबन निर्माण कार्य ७ नं. वडा | ३०००।०० | ८७५००।०० | ३५०००००। | १२०दिन | २०७६/०८/०३ | २०७६/०८/०४ दिनको १२ बजे | २०७६/०८/०४ दिनको ०१ बजे |
| **7 – CON - MRM- 2076/077** | वडा कार्यालय भबन निर्माण कार्य ८ नं. वडा | ३०००।०० | १०००००।०० | ४००००००। | १२०दिन | २०७६/०८/०३ | २०७६/०८/०४ दिनको १२ बजे | २०७६/०८/०४ दिनको ०१ बजे |

प्रमुख प्रशासकीय अधिकृत

खगेन्द्र राज भट्टराई (stamp)
प्रमुख प्रशासकीय अधिकृत